**REGIONAL NEWS UNIT**

**ALL INDIA RADIO GANGTOK**

**NEPALI NEWS BULLETIN**

**BROADCAST: 18:40hrs** **Date: 25.08.2026**

## सिक्किमका लोकसभा सांसदले आज गुवाहाटीमा ZURCC बैठकमा भाग लिए

सिक्किमका लोकसभा सांसद डा. इन्द्र हाङ सुब्बाले आज गुवाहाटीमा पूर्वत्तर सीमान्त रेलवेको क्षेत्रीय रेलवे प्रयोगकर्ता परामर्श समिति (ZURCC ) को बैठकमा भाग लिए जहाँ उनले सेभोके- रङ्पो रेलवे लाइन निर्माण कार्यमा तीव्रता ल्याउन अधिकारीहरूलाई आग्रह गरे। श्री सुब्बाले प्रस्तावित मल्ली- देन्ताम रेलवे लाइनको लागि अन्तिम स्थान सर्वेक्षण र विस्तृत परियोजना प्रतिवेदन चाँडै पूरा गर्न पनि अनुरोध गरे। डा. सुब्बाले सिक्किमलाई भारतीय रेलवेसँग जोड्दा यसको दीर्घकालीन पूर्वाधार र देशसँगको सम्पर्क सहज हुने कुरामा जोड दिए।

## मुख्यमन्त्रीको पहलपछि बेपत्ता महिला सुरक्षित भेटिइन्

मुख्यमन्त्री प्रेमसिंह तामाङको तत्काल हस्तक्षेपपछि रोजगारीको सिलसिलामा दिल्ली-एनसीआर पुगेकी पश्चिम सिक्किम रुम्बुककी 38 वर्षीया महिला सुरक्षित भेटिएकी छन्। 15 जुलाईमा दिल्ली पुगेकी महिलासँग 25 जुलाईपछि सम्पर्क हुन नसकेपछि नोएडा सेक्टर-39 प्रहरीमा परिवारले उजुरी दर्ता गरेको थियो। विषय मुख्यमन्त्रीको संज्ञानमा आएपछि उहाँले नयाँ दिल्लीस्थित सिक्किम हाउसका रेसिडेन्ट कमिश्नर तथा टोलीलाई तत्काल पहल गर्न निर्देशन दिनुभयो। सिक्किम हाउस टोलीले उत्तर प्रदेश प्रहरीसँग समन्वय गरी खोजी गर्दा महिलालाई सुरक्षित फेला पारी सोमबार साँझ सिक्किम हाउस ल्याइएको हो। मुख्यमन्त्रीले उनको अवस्थाबारे जानकारी लिँदै सरकारबाट हरसम्भव सहयोग गर्ने आश्वासन दिनुभएको छ।

## सिक्किमको मुख्य निर्वाचन अधिकृतको कार्यालयले आज सिक्किमलाई SIR सम्पन्न भएको घोषणा गर्यो

अनुसार सिक्किमको मुख्य निर्वाचन अधिकृतको कार्यालयले आज दिउँसो जारी गरेको बुलेटिन अनुसार सिक्किमले तोकिएको अवधि भित्र मतदाता नामावलीको विशेष गहन संशोधन (SIR) सफलतापूर्वक पूरा गरेको छ। SIR अभ्यासको क्रममा राज्यभर 1 लाख 24 हजार 508 सुनुवाइहरू गरिएको थियो। मुद्दाहरू मध्ये 94,631 मतदाताहरू योग्य पाइएका थिए भने 16,482 जना अयोग्य पाइएका थिए। कागजात प्रमाणीकरणको लागि अन्य 60 मुद्दाहरू

विचाराधीन छन्। गान्तोक जिल्लामा सबैभन्दा बढी 22,595 योग्य मतदाताहरू रेकर्ड गरिएका छन् भने त्यसपछि नाम्चीमा 19,742 योग्य मतदाताहरू छन्।

## हिजो टोकियोमा भारत-जापान व्यापार संवादमा राधा प्रधान र सुदीप प्रधानले सिक्किमको प्रतिनिधित्व गरे

हिजो टोक्योमा भारत-जापान व्यापार संवादमा टिमी चिया बगानकी प्रबन्ध निर्देशक राधा प्रधान र सिस्को बैंकका उपाध्यक्ष सुदीप प्रधानले सिक्किमलाई राज्यको रूपमा प्रतिनिधित्व गरे।

भारतीय उच्चस्तरीय प्रतिनिधिमण्डलमा केन्द्रीय वाणिज्य तथा उद्योग मन्त्री पियुष गोयल र जापानका लागि भारतकी राजदूत नगमा मोहम्मद मल्लिक समावेश थिए।

सिक्किमका प्रतिनिधिहरुले ले एमएसएमई, कृषि र पर्यटन आदि सहित व्यापक पूर्वोत्तर क्षेत्रमा रहेका अवसरहरूमाथि प्रकाश पारे।

## सिक्किमले आज मेजर दुर्गा मल्ललाई उनको पुण्यतिथिमा सम्झन्छ

सिक्किमले आजको दिनमा वीर गोर्खा स्वतन्त्रता सेनानी तथा आजाद हिन्द फौजका प्रमुख सिपाहीहरूमध्ये एक, मेजर दुर्गा मल्ललाई उनको पुण्यतिथिमा सम्झी रहेको छ। मल्लको जन्म उत्तराखण्डको डोइवाला भन्ने सानो गाउँमा भएको थियो र उनी 1931 मा ब्रिटिश भारतीय सेनाको गोर्खा राइफल्समा शामेल भएका थिए।

नेताजी सुभाष चन्द्र बोस र स्वतन्त्र भारतको सपनाबाट प्रेरित, मल्लले ब्रिटिश भारतीय सेना छोडेर 1942 मा आजाद हिन्द फौजमा सामेल भए। उनलाई कोहिमा क्षेत्रमा चलिरहेको अपरेशनको क्रममा ब्रिटिश सेनाले पक्राउ गरेको थियो। मल्लले मृत्युदण्डबाट बच्न मद्दत हुन सक्ने गरी ब्रिटिश सरकारसँग माफी माग्न अस्वीकार गरे। स्वतन्त्रता सेनानी मल्ललाई 1944 मा आजकै दिन 31 वर्षको उमेरमा तिहार जेलमा मृत्युदण्ड दिइएको थियो।

## पूर्व न्यायाधीश मीनाक्षी मदन राई सिक्किम राज्य मानव अधिकार आयोगको अध्यक्षमा नियुक्त

सिक्किम सरकारले पटना उच्च अदालतकी सेवानिवृत्त मुख्य न्यायाधीश न्यायमूर्ति मीनाक्षी मदन राईलाई सिक्किम राज्य मानव अधिकार आयोग (SSHRC) को अध्यक्षमा नियुक्त गरेको छ। सिक्किम सरकारको गृह विभागले यो नियुक्तिलाई सूचित गरेको छ। उनले पदभार ग्रहण गरेको मितिदेखि नै पदभार ग्रहण गर्नेछिन्। सुश्री राईले पदभार ग्रहण गरेको मितिबाट तीन वर्षको अवधि वा 70 वर्षको उमेर नपुगुन्जेलसम्म सो पदमा रहनेछिन्।

## समाज कल्याण विभागले पाकिम जिल्लामा छात्रवृत्ति जागरूकता कार्यक्रम र एनएसपी आयोजना गर्यो

पाकिम जिल्लाको समाज कल्याण विभागले सिक्किम सरकारको समाज कल्याण विभाग अन्तर्गत छात्रवृत्ति योजनाहरूको बारेमा जागरूकता कार्यक्रम आयोजना गर्यो जुन राष्ट्रिय छात्रवृत्ति पोर्टल (एनएसपी) मार्फत उपलब्ध छ। कार्यक्रममा पाकिमकी जिल्लापाल परी बिश्नोई उपस्थित थियिन। उक्त कार्यक्रमको उद्देश्य समाज कल्याण विभागद्वारा लागू गरिएका विभिन्न छात्रवृत्ति योजनाहरूको बारेमा सम्बन्धित विभागहरू र संस्थान नोडल अधिकारीहरू (आईएनओ) बीच जागरूकता सिर्जना गर्नु र योग्य विद्यार्थीहरूलाई व्यापक पहुँच प्रदान गर्नु थियो।